**मिति २०८० साल वैशाख १० गते विहान ११.३० बजे बस्ने गरी आव्हान भएको कानेपोखरी गाउँपालिकाको तेह्रौं गाउँ सभा अधिवेशनको दोस्रो बैठकको निर्णय**

मिति २०८० साल वैशाख १० गते विहान ११.३० बजे कानेपोखरी गाउँपालिकाको सभाहलमा बस्ने गरी आव्हान भएको कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठकमा जम्मा सात (७) वटा प्रस्ताव एवम् कार्यसूचीहरु समाविष्ट थिए। कोशी प्रदेशको प्रदेश सभाद्वारा पारित **गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५** को दफा १८ मा व्यवस्था भए बमोजिम २४ घण्टा अगावै उक्त सातवटै प्रस्ताव एवम् कार्यसूचीहरु (प्रस्ताव एवम् कार्यसूची नम्बर १ र २ तीन दिन अगावै र प्रस्ताव एवम् कार्यसूची नम्बर ३ र ४ भने एक हप्ता अगावै) सभाका सबै सदस्यहरुलाई उपलब्ध गराइएको थियो। **गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५** मा उल्लिखित प्रावधान बमोजिम १३ औं गाउँ सभाको दोस्रो बैठक सञ्चालन भएको थियो। बैठकमा प्रस्तुत सबै प्रस्ताव एवम् कार्यसूची उपर आफ्नो/आफ्नो धारणा तथा जिज्ञासा राख्नका लागि सभाध्यक्षज्यूले दुई मिनेटभित्र सचिवालयमा नाम टिपोट गर्न समयावधि दिनु भएको थियो। निर्धारित समयावधिभित्र सचिवालयमा नाम टिपोट गर्ने सभाका सदस्यहरुलाई प्रत्येक प्रस्ताव एवम् कार्यसूची उपर आफ्नो/आफ्नो धारणा एवम् जिज्ञासा राख्नका लागि पाँच मिनेटसम्मको समय उपलब्ध गराइएको थियो। सभाध्यक्षज्यूले तोके बमोजिम सभाको बैठकमा पेश भएका प्रत्येक प्रस्ताव एवम् कार्यसूची र सो उपर धारणा तथा जिज्ञासा राख्ने सभाका सदस्य र सभाका सदस्य मार्फत् राखिएका धारणा तथा जिज्ञासा उपर सभाध्यक्षज्यूको निर्देशन बमोजिम गाउँपालिकाका उपाध्यक्ष, प्रवक्ता, कार्यपालिकाका सम्वन्धित विषयगत समितिका संयोजक, प्रमुख प्रशासकीय अधिकृत लगायतले जवाफ दिनु भएको थियो।

**<u>सभाका दोस्रो बैठकबाट भएका निर्णयहरु देहाय बमोजिम रहेका छन्:</u>**

## निर्णय नं.(१)

प्रस्ताव एवम् कार्यसूची नम्बर (१) माथि छलफल हुँदा कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०८०।०१।०७ गते बसेको बैठकबाट निर्णय भई सभा समक्ष स्वीकृतीका लागि पेश हुन आएको कानेपोखरी गाउँपालिकाको चालु आर्थिक वर्ष २०७९।०८० को देहाय बमोजिमको संशोधित आय र व्यय अनुमान (नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त/समपूरक/विशेष अनुदान बाहेक) स्वीकृती गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

देहाय:

**कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठक (२०८०।०१।१०) को निर्णय प्रमाणित गरेकी छु।**

**(राजमती इङ्नाम)**
**सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष**

राजमती इङ्नाम
अध्यक्ष

मिति २०८० साल वैशाख १० गते विहान ११.३० बजे बस्ने गरी आव्हान भएको कानेपोखरी गाउँपालिकाको तेह्रौं गाउँ सभा अधिवेशनको दोस्रो बैठकको निर्णय

**कानेपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०७९।०८० को कुल आय र व्यय अनुमानः**

कुल आय तर्फ-

| सि. नं. | आय शीर्षक | अनुमानित रकम (रु. हजारमा) | संशोधित रकम (रु.हजार) | कैफियत |
|---|---|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान (नेपाल सरकार) | १४५७००.० | १४५७००.० | |
| २ | राजस्व बाँडफाँड (नेपाल सरकार) | ९८७३५.० | ९८७३५.० | |
| ३ | वित्तीय समानीकरण अनुदान (प्रदेश सरकार) | ८०१५.० | ८०१५.० | |
| ४ | राजस्व बाँडफाँड (प्रदेश सरकार) | ५०३०.० | ५०३०.० | |
| ५ | रोयल्टी बाँडफाँड (नेपाल सरकार) | ५००.० | ५००.० | |
| ६ | घरजग्गा रजिष्ट्रेशन बाँडफाँड (मालपोत) | १५०००.० | १५०००.० | |
| ७ | दहत्तर बहत्तर बाँडफाँड (प्रदेश सरकार) | १००००.० | १००००.० | |
| ८ | अल्या भुक्तानी गर्नुपर्ने आयोजना तथा कार्यक्रमको रकम | ६७४१०.० | ०.० | |
| ९ | जिससबाट प्राप्त हुने आय | ०.० | ५०००.० | |
| १० | आन्तरिक आय | ९४९६.० | १६०००.० | |
| ११ | बैंक मौज्दात (गत/विगत आर्थिक वर्षदेखि नेपाल सरकार र प्रदेश सरकारमा फिर्ता गर्नुपर्ने रकम बैंक मौज्दातमै रहन गएको देखिएकाले बढी देखिन गएको) | २९४९६.० | १५५६५६.० | |
| | जम्मा (क) | ३८९३८२ | ४५९६३६ | |

व्यय तर्फ-

| सि. नं. | व्यय शीर्षक | अनुमानित रकम (रु.हजार) | संशोधित रकम (रु.हजार) | कैफियत |
|---|---|---|---|---|
| १ | गाउँ कार्यपालिका चालु खर्च | ७४२०० | १२३८५० | |
| २ | आर्थिक विकास तर्फ | ३११५० | ३४४०० | |

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठक (२०८०।०१।१०) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्नाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

राजमती इङ्नाम
अध्यक्ष

मिति २०८० साल वैशाख १० गते बिहान ११.३० बजे बस्ने गरी आव्हान भएको कानेपोखरी गाउँपालिकाको तेह्रौं गाउँ सभा अधिवेशनको दोस्रो बैठकको निर्णय

| | | | | |
|---|---|---|---|---|
| ३ | सामाजिक विकास तर्फ | ७०९७६ | ७६४७६ | |
| ४ | पुर्वाधार विकास तर्फ | १३०९०० | १४१२९५ | |
| ५ | वातावरण तथा विपद् व्यवस्थापन तर्फ | १६७०० | २४५५५ | |
| ६ | संस्थागत विकास तथा सेवा प्रवाह तर्फ | १२१०० | १४६५० | |
| ७ | अन्य खर्च | ६७४०० | ० | |
| ८ | वडागत सिलिङ (७ वटै वडा) | ४३८६० | ४४४१० | |
| | जम्मा (क) | ४४७२८६ | ४५९६३६ | |

**निर्णय नं. (२)**

प्रस्ताव एवम् कार्यसूची नम्बर (२) माथि छलफल हुँदा कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०८०।०१।०७ गते बसेको बैठकबाट निर्णय भई सभा समक्ष स्वीकृतीका लागि पेश हुन आएको चालु आर्थिक वर्ष २०७९।०८० का आयोजना तथा कार्यक्रमहरु समावेश भएको (नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त/समपूरक/विशेष अनुदान बाहेक) कानेपोखरी गाउँपालिकाको विनियोजन ऐन, २०७९ लाई पहिलो संशोधन गर्ने विधेयक, २०८० लाई स्वीकृती गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

(स्वीकृत विधेयक प्रमाणीकरण भए पश्चात् कानेपोखरी राजपत्र मार्फत् सार्वजनिक गरिनेछ)

**निर्णय नं.(३)**

प्रस्ताव एवम् कार्यसूची नम्बर (३) माथि छलफल हुँदा १३ औं गाउँ सभाको पहिलो बैठकबाट कानेपोखरी गाउँपालिकाको विद्यमान शिक्षा सम्बन्धी स्थानीय कानूनलाई सामयिक बनाउनका लागि कानेपोखरी गाउँ कार्यपालिकालाई निर्देशन भएकोमा कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०८०।०१।०७ गतेको बैठकबाट सभा समक्ष स्वीकृतीका लागि पेश हुन आएको कानेपोखरी गाउँपालिकाको शिक्षा विधेयक, २०८० उपर दफावार छलफल भयो र सभाका सदस्यहरुले उठान गर्नु भएको विषय समेतलाई समावेश गर्दै उक्त विधेयक स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

(स्वीकृत विधेयक प्रमाणीकरण भए पश्चात् कानेपोखरी राजपत्र मार्फत् सार्वजनिक गरिनेछ)

**निर्णय नं.(४)**

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठक (२०८०।०१।१०) को निर्णय प्रमाणित गरेकी छु।

(राजमती इङ्नाम)
सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष

राजमती इङ्नाम
अध्यक्ष

CamScanner

**मिति २०८० साल वैशाख १० गते बिहान ११.३० बजे बस्ने गरी आव्हान भएको कानेपोखरी गाउँपालिकाको तेह्रौं गाउँ सभा अधिवेशनको दोस्रो बैठकको निर्णय**

प्रस्ताव एवम् कार्यसूची नम्बर (४) माथि छलफल कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०८०।०१।०७ गतेको बैठकबाट सभा समक्ष स्वीकृतीका लागि पेश हुन आएको कानेपोखरी गाउँपालिकाको टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धी विधेयक, २०८० उपर दफावार छलफल भयो र सभाका सदस्यहरुले उठान गर्नु भएको विषय समेतलाई समावेश गर्दै उक्त विधेयक स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

(स्वीकृत विधेयक प्रमाणीकरण भए पश्चात् कानेपोखरी राजपत्र मार्फत् सार्वजनिक गरिनेछ)

**निर्णय नं.(५)**

प्रस्ताव एवम् कार्यसूची नम्बर (५) माथि छलफल कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०८०।०१।०७ गतेको बैठकबाट सभा समक्ष स्वीकृतीका लागि पेश हुन आएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लागू भई हालसम्म नक्सापास नगरी निर्माण भएका भवनहरुको अभिलेख प्रयोजनका लागि मात्र नियमानुसारको राजस्व लिई नक्सापास नियमितसम्म मात्र गर्ने/गराउने व्यवस्था मिलाउन कानेपोखरी गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

(कार्यपालिकाको पूर्वाधार विकास समिति मार्फत् पेश हुन आएको लिष्ट बमोजिमका घरहरुको मात्र नक्सापास नियमित गरिने)

**निर्णय नं.(६)**

प्रस्ताव एवम् कार्यसूची नम्बर (६) माथि छलफल कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०८०।०१।०७ गतेको बैठकबाट सभा समक्ष जानकारीका लागि पेश हुन आएको श्री महालेखापरीक्षकको कार्यालयबाट भएको अन्तिम लेखापरीक्षण प्रतिवेदन (प्रारम्भिक) ले कानेपोखरी ५ मा एक बिगाहा जग्गा खरिदका सम्बन्धमा औंल्याइएको/उठान भएका विषय सभा समक्ष जानकारी भयो। यसका साथै उक्त प्रतिवेदनले जग्गा खरिददेखि बाहेक नियमित गर्नुपर्ने अन्य बेरुजुहरु कार्यपालिकाको सिफारिस बमोजिम नियमित गरी बेरुजुको लगतबाट हटाई दिनका लागि श्री महालेखापरीक्षकको कार्यालय समक्ष सर्वसम्मत अनुरोध गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो। र, चालु आर्थिक वर्षमा भएको अन्तिम लेखापरीक्षणमा गत/विगत आर्थिक वर्षको करीब ६७ प्रतिशत बेरुजु फछ्र्यौटको बारेमा सभामा जानकारी भयो र उक्त बेरुजु फछ्र्यौट कार्यमा अहोरात्र खटिने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, राजस्व तथा आर्थिक प्रशासन शाखा प्रमुख, शाखाका कर्मचारी, अन्य शाखा/उपशाखाका कर्मचारीलाई प्रशंसा पत्रले सम्मान गर्ने र आन्तरिक लेखापरीक्षण

**कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठक (२०८०।०१।१०) को निर्णय प्रमाणित गरेकी छु।**

**(राजमती इङ्नाम)**
**सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष**

CamScanner

**मिति २०८० साल वैशाख १० गते विहान ११.३० बजे बस्ने गरी आव्हान भएको कानेपोखरी गाउँपालिकाको तेह्रौं गाउँ सभा अधिवेशनको दोस्रो बैठकको निर्णय**

उपशाखा प्रमुख सहायक पाँचौं श्री कृष्णबहादुर दासलाई डेढ महिना बराबरको तलब रकम र प्रशंसा पत्रले सम्मान गर्ने व्यवस्था मिलाउन सभाध्यक्षज्यूलाई अनुरोध गर्ने निर्णय समेत सर्वसम्मतीले पारित गरियो।

(आर्थिक वर्ष २०७८।०७९ को नियमित गर्नुपर्ने बेरुजुको विवरण कार्यपालिकाको बैठकबाट सिफारिस भए बमोजिम नै रहेको छ)

**निर्णय नं. (७)**

प्रस्ताव एवम् कार्यसूची नम्बर (७) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्ने स्थान तय गर्ने विषयका सम्बन्धमा सभाध्यक्षज्यूको निर्देशन बमोजिम गाउँपालिकाका प्रवक्ता श्री सुशील वुढाथोकीज्यूले सभाको बैठक समक्ष जानकारी गराउनु भयो। सो सम्बन्धमा यही मिति २०८० साल वैशाख १७ गते दिउँसो १.०० बजे बस्ने कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभाको तेस्रो बैठकमा पुन छलफल गरी उपयुक्त निर्णय लिने निर्णय सर्वसम्मतीले पारित गरियो।

कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभाको तेस्रो बैठक यही मिति २०८० साल वैशाख १७ गते दिउँसो १.०० बजे कानेपोखरी गाउँपालिकाको सभाहलमा बस्ने गरी सभाध्यक्ष श्री राजमती इङ्गनामज्यूले दोस्रो बैठक समापन भएको जानकारी सभालाई गराउनु भयो।

**कानेपोखरी गाउँपालिकाको १३ औं गाउँ सभा अधिवेशनको दोस्रो बैठक (२०८०।०१।१०) को निर्णय प्रमाणित गरेकी छु।**

**(राजमती इङ्गनाम)**
**सभाध्यक्ष एवम् गाउँपालिका अध्यक्ष**

राजमती इङ्गनाम
अध्यक्ष

CamScanner